चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका

स्थानीय राजपत्र

खण्ड: ९, संख्या: ७, मिति: २०८३/०३/३२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) को अधिकार प्रयोग गरी चन्द्रागिरि नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सोही ऐनको दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

भाग-१
सम्वत् २०८३ सालको ऐन नम्बर १
चन्द्रागिरि नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८३

प्रस्तावना

चन्द्रागिरि नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, चन्द्रागिरि नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"चन्द्रागिरि नगरपालिकाको आर्थिक ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन संवत् २०८३ साल श्रावण १ गते शुक्रबारका दिन देखि चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

२. **सम्पत्ति कर** : (१) चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र रहेका घर, टहरा तथा भवनहरु र सो ले चर्चेको जग्गामा अनुसूची -१ बमोजिम सम्पत्ति कर लगाई असूल गरिनेछ।

(२) उपदफा १ बमोजिम सम्पत्ति कर लगाउने प्रयोजनका लागि, जग्गाको न्यूनतम मूल्यांकन दर अनुसूची १(ख) तथा संरचनाको मूल्याङ्कन दर र ह्रासकट्टी अनुसूची १ (ग) बमोजिम हुनेछ ।

(३) नगरपालिका क्षेत्रभित्र रहेका घर, टहरा तथा भवनहरु र सो ले चर्चेको जग्गामा आ.व.२०७२/७३ लाई आधार वर्ष मानि तत् तत् आर्थिक वर्षको दररेटमा कर निर्धारण गरि असूल गरिनेछ। उल्लेखित आधार वर्ष भन्दा अघिका आर्थिक वर्षहरुको सम्पत्ति कर करदाताले स्व घोषणा गरी बुझाउन चाहेमा यस ऐन बमोजिमको दररेटमा कर निर्धारण गरी सम्पत्ति कर असूल गर्न बाधा पर्नेछैन ।

(४) भवनको नक्सा स्वीकृत भएको मितिले दुई वर्षसम्म र म्याद थप भएको अवधिको सम्पत्ति कर लाग्नेछैन।

तर निर्माण अवधिभन्दा अगावै भवन निर्माण कार्य सम्पन्न गरी भवन निर्माण सम्पन्नताको प्रमाणपत्र लिएमा वा भवन प्रयोगमा ल्याएमा सोही अवधिदेखि सम्पत्ति कर लाग्नेछ।

(५) देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैनः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र घरजग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको घरजग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को नाममा भएको घर र घरजग्गा,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्बला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गामा ।

यस उपदफा बमोजिम कर नलाग्ने भनी उल्लेख भएको भौतिक संरचनाको आंशिक वा पुरै भाग व्यावसायिक प्रयोजनमा प्रयोग भएको भए उक्त प्रयोग भएको क्षेत्रले चर्चेको क्षेत्रफलको सम्पत्ति कर, बहाल कर र अन्य कर तथा शुल्क यस ऐन बमोजिम अशुल गरिनेछ।

तर, प्राकृतिक व्यक्तिको नाममा दर्ता भएका यस्ता भौतिक संरचनाको हकमा कुनै प्रकारको छुट हुनेछैन।

माथि जुनसुकै कुरा उल्लेख भएता पनि उपरोक्त प्रकृतिका घर र घरजग्गाको सम्पत्ति कर बुझाउनका लागि सम्बन्धित व्यक्ति/संस्थाबाट अनुरोध भई आएमा यसै ऐन बमोजिम सम्पत्ति कर अशुल गर्न कुनै बाधा पर्नेछैन।

(६) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति/संस्थाको आफ्नै स्वामित्वमा रहेको जग्गा वा जग्गा बहालमा लिई निर्माण भएको घर, टहरा, सेड आदिलाई सम्पत्ति कर प्रयोजनको लागि मुल्याङ्कन गरी कर निर्धारण गरिनेछ।

स्वबासी घरजग्गा र घरनक्सा स्वीकृत प्राप्त गर्न नसकेका निर्मित भवनको हकमा सम्बन्धितको स्व-घोषणाको आधारमा उल्लिखित मिति देखि नै सम्पत्ति कर लिन बाधा पर्नेछैन।

(७) सम्पत्ति कर तिर्ने दायित्व सम्पत्ति धनीको हुनेछ, तर व्यवसायिक प्रयोजनको लागि भएमा करारनामामा उल्लेख भए बमोजिम हुनेछ।

(८) नगरपालिका क्षेत्रभित्रका करदाताहरुले आफ्नो घर, जग्गा थपघट भएमा वा बिक्री भएमा सम्बन्धित वडा कार्यालयमा अद्यावधिक गर्नुपर्नेछ।

(९) संयुक्त तथा सामूहिक आवासको सम्पत्ति कर निर्धारण देहायअनुसार हुनेछ :

(क) बहु तले सामूहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) वा संयुक्त आवास (हाउजिङ्ग) वा कुनै घरको विभिन्न तल्लाहरु वा एकै तल्लामा पृथक-पृथक स्वामित्व रहेकोमा त्यस्तो पृथक-पृथक स्वामित्व भएका भागहरु वा तल्लाहरुको सम्पत्ति कर सम्बन्धित स्वामित्ववाला व्यक्तिहरुको नाममा देहाय बमोजिम निर्धारण गरी असूल उपर गरिनेछः-

(अ) बहु तले सामूहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) को हकमा जे जति क्षेत्रफलको अपार्टमेन्ट वा फ्ल्याट राजीनामा वा स्वामित्व हस्तान्तरणको लिखत पारित गरी हक हस्तान्तरण भएको छ सोही बराबर घर (अपार्टमेन्ट वा फल्याट) को क्षेत्रफल मानी कर निर्धारण गरिनेछ।

(आ) बहु तले सामूहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) को जग्गामा स्थायी वा अस्थायी रुपमा अन्य प्रयोजनको लागि संरचना बनेको भए उल्लेख भए बमोजिम कर लाग्नेछ।

(इ) संयुक्त आवास (हाउजिङ्ग) को जग्गाको क्षेत्रफलको हकमा

राजीनामा वा हक हस्तान्तरणको लिखतमा उल्लेख भए बराबरको जग्गाको क्षेत्रफल कायम गरिनेछ।

(ख) व्यावसायिक प्रयोजनको लागि निर्माण गरी बिक्री भएको मल/सपिङ्ग कम्प्लेक्स/सपिङ्ग सेन्टर आदि मा खरिद बिक्री हुने पसल, कोठा तलाको हकमा समेत माथि खण्ड (क) बमोजिम कर निर्धारण गरिनेछ।

(ग) नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाबाट स्वीकृति लिई निर्माण भएका संयुक्त आवास/सामुहिक आवास (अपार्टमेन्ट/हाउजिङ) मा सामुहिक उपभोगमा रहने क्षेत्रहरु (बेसमेन्ट, बगैंचा, पार्किङ, सडकक्षेत्र) को स्वामित्व सम्बन्धित व्यवस्थापन समितिलाई हस्तान्तरण भईसकेपछि सोको दायित्व सोही समितिले नै लिनुपर्ने हुदाँ उक्त क्षेत्रहरुमा सम्पत्तिकर लगाइने छैन। तर निर्मित अन्य संरचनाहरु जस्तैः सामुदायिक भवन, स्विमिङ पुल, स्टोर, पुस्तकालय, जिम हल, क्लब हाउस, डिपार्टमेन्टल स्टोर आदिको व्यवसायिक प्रयोजन भएमा सोको सम्पत्ति कर सम्बन्धित व्यवस्थापन समितिले बुझाउनु पर्नेछ।

(१०) संवत् २०८२ साल भाद्र महिनाको जेन-जी (Zen-Z) आन्दोलनको क्रममा पूर्ण रुपमा क्षती भई प्रयोग विहिन भएका घर संरचना तथा सम्पत्तिमा आर्थिक वर्ष २०८२/०८३ र २०८३/०८४ को सम्पत्ति कर शत प्रतिशत छुट हुनेछ। उल्लेखित संरचना पुनः निर्माण भई सञ्चालनमा आएमा तोकिएको अवधि पश्चात भने प्रचलित कानून बमोजिम सम्पत्ति कर लाग्नेछ। तर कूल जग्गाको क्षेत्रफलमा भूमिकर (मालपोत) भने यस ऐन बमोजिम असूल गर्न बाधा पर्नेछैन।

(११) लिज सम्झौता बमोजिमको सम्पत्तिमा देहाय अनुसार कर लाग्नेछ :

(क) कुनै व्यक्ति वा संस्थाको नाममा जग्गाको स्वामित्व भई अर्को व्यक्ति वा संस्थाले भवन वा अन्य भौतिक संरचनाको निर्माण,

विकास र सम्बर्द्धन गरी भोग गरेको भए त्यस्तो सम्पत्तिको नियमानुसार लाग्ने सम्पत्ति कर तिर्नुपर्ने दायित्व निजहरुबीच भएको सम्झौतामा स्पष्ट उल्लेख गरिएको हकमा सोही बमोजिम हुनेछ। यदि सम्झौतामा स्पष्ट प्रावधान उल्लेख नगरिएको भएमा सम्पत्तिको भोग गर्ने वा लिजमा लिने व्यक्ति वा संस्थाले उल्लेखित बमोजिमको कर दाखिला गर्नुपर्ने छ।

(ख) माथि खण्ड (क) बमोजिमको लिज सम्झौता भङ्ग भएमा वा कार्यान्वयन नभई सम्झौताको यथार्थ परिपालना नगरिएको अवस्थामा सम्पत्ति कर तिर्ने दायित्व सम्बन्धित जग्गाधनीको हुनेछ।

३. **भूमिकर** : (१) नगरपालिका क्षेत्रभित्र दफा २ बमोजिम सम्पत्ति कर लाग्ने बाहेकका अन्य जग्गामा अनुसूची (२) मा उल्लेख भए बमोजिमको दरमा भूमिकर (मालपोत) लगाइने र असूल गरिनेछ ।

(२) आर्थिक वर्ष २०७२/७३देखि ०८२/८३ सम्मको भूमिकर (मालपोत) तत् तत् आर्थिक वर्षको दररेटमा जरिवाना सहित कर निर्धारण गरी असूल गरिने छ । तर आ.व.२०७२/७३ भन्दा अघिल्ला वर्षहरूको हकमा यस ऐन बमोजिमको दररेटमा कर निर्धारण गरी असूल गर्न बाधा पर्ने छैन ।

४. **बहाल कर** : (१) चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, कम्प्लेक्स, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी, सवारी साधन, यन्त्र वा उपकरण पूरै वा आंशिक तवरले बहाल वा भाडामा लगाई प्राप्त बहाल रकममा अनुसूची -३ बमोजिम बहाल कर लगाई असूल गरिनेछ।

(२) बहाल कर प्रयोजनका लागि नगरकार्यपालिकाले क्षेत्र विभाजन गरी न्यूनतम बहाल रकम निर्धारण गर्न सक्नेछ। तोकिएको रकम भन्दा बढीमा बहाल सम्झौता गर्न भने यस व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन। यस उपदफा बमोजिम बहाल कर निर्धारण गर्दा

न्यूनतम बहाल रकम वा सम्झौता रकम मध्ये जुन अधिक हुन्छ सोही रकमलाई आधार मानी बहाल कर निर्धारण गरिनेछ।

(३) सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बहालमा दिएको घर जग्गाको कानून बमोजिम लाग्ने बहाल कर बुझाउनु पर्ने दायित्व घर जग्गाधनीको हुनेछ। सम्झौतामा बहाल कर बहालमा बस्नेले बुझाउने भनी उल्लेख भएको अवस्थामा समेत बहाल कर दाखिला गराउने अन्तिम दायित्व सम्बन्धित घर जग्गाधनीको हुनेछ।

(४) घरजग्गा धनीसँग सम्झौता गरी बहालमा लिएको स्थानको बहाल कर घर/घरजग्गाधनी र दोस्रो पक्ष बीच भएको सम्झौतामा उपदफा (१) बमोजिमको बहाल कर लाग्नेछ । तर दोस्रो पक्षले उक्त घर वा जग्गा तेस्रो पक्षलाई बहालमा दिएमा उक्त दोस्रो पक्ष र तेस्रो पक्ष बीचको सम्झौतामा अघिल्लो सम्झौतामा भन्दा थप भएको बढी रकममा बहाल रकम लाग्नेछ । यसै क्रममा अन्य पक्षसँग सम्झौता भएमा पनि बहाल कर सोही बमोजिम लाग्नेछ ।

(५) नगरपालिका क्षेत्रभित्रका करदाताहरुले आफ्नो बहाल आयमा थपघट भएमा वा बहालमा नलागेको छोडेको अवस्थामा अथवा सम्झौता अवधि भन्दा अगाडि करारनामा तोडेमा सो भएको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा सोको विवरण एवं जानकारी अनिवार्य पेश गर्नुपर्नेछ। सो अवधि भित्र जानकारी नगराएमा वा विवरण पेश नगरेमा सो सम्बन्धी निवेदन पेश भएको मिति सम्मको साविक बमोजिमकै बहाल करको दर अथवा सम्झौता पत्रमा उल्लेख भए बमोजिम नियमानुसारको बहाल कर बुझाउनु पर्नेछ ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि घर जग्गा बहाल कर चालु आर्थिक वर्षभित्र चुक्ता गर्नुपर्नेछ। घर जग्गा बहाल कर चौमासिक, अर्धवार्षिक, वार्षिक वा सम्झौतामा उल्लेख भए बमोजिम बुझाउन सकिनेछ।

(७) घरजग्गा बहाल बापतको आयस्रोत प्रमाणित गर्नुपर्ने भएमा कम्तीमा ३ महिनाको बहाल कर चुक्ता गरेको हुनुपर्नेछ।

(८) कम्पनीको स्वामित्वमा रहेको भवनमा सोही कम्पनीले व्यवसाय सञ्चालन गरेमा बाहेक कम्पनीको सञ्चालक वा अन्य कुनै प्राकृतिक वा कानुनी व्यक्तिको स्वामित्वमा भएमा बहाल कर बुझाउनु पर्नेछ।

(९) सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बहालमा दिएको घरको कानून बमोजिम लाग्ने बहाल कर नगरपालिकामा बुझाउने दायित्व घरधनीको हुनेछ ।

(१०) नगरपालिका क्षेत्र भित्र बहालमा रहेका घर संरचना वा जग्गामा आ.व. २०७४/७५ लाई आधार वर्ष मानी कर निर्धारण गरी बहाल कर असूल गरिनेछ। तर कुनै व्यक्ति, संस्था कम्पनी, फर्मले उल्लेखित आधार वर्ष भन्दा अघिका आर्थिक वर्षहरुको समेत स्व घोषणा गरी बहाल सम्झौताको आधारमा बहालकर बुझाउन चाहेमा बहालकर असूल गर्न बाधा पर्नेछैन।

५. **<u>व्यवसाय कर</u>** : (१) चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, संघसंस्था, कम्पनी वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोबार, स्थान विशेष र लगानीका आधारमा अनुसूची -४ बमोजिम व्यवसाय कर लगाई असूल गरिनेछ।

(२) २०७२ साल भन्दा अगाडि अन्य सरकारी निकायमा दर्ता भई यस नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेको व्यवसाय/संघ संस्था दर्ता/नवीकरण/सूचीकरण गर्दा आर्थिक वर्ष २०७२/७३ लाई आधार वर्ष मानी सोही आ.व.देखि व्यवसाय दर्ता/सूचीकरण गरी व्यवसाय कर लिइनेछ।

(३) उद्योग, ग्रिल, फर्निचर व्यवसाय, वर्कसप, कबाडी व्यवसाय, पशुपन्छी पालन जस्ता मानव तथा बातावरणसँग प्रत्यक्ष सरोकार राख्ने

व्यवसायहरुलाई सम्बन्धित वडाको रोहबरमा स्थलगत सर्जमिन मुचुल्का गराई मात्र व्यवसाय दर्ता गरिनेछ।

(४) कुनै पनि उद्योग, व्यवसाय, वा संघसंस्था बहालको घर वा जग्गामा सञ्चालन भएको अवस्थामा, सो व्यवसायको दर्ता वा नवीकरण गर्दा सम्बन्धित घरधनीले सम्पत्ति कर तथा भूमिकर चुक्ता गरेको रसिदको प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ। आफ्नै घरमा व्यवसाय सञ्चालन भएको अवस्थामा सम्पत्ति कर चुक्ता भएको प्रमाण पेश गर्नु पर्नेछ।

तर स्वबासी घरजग्गा, घर नक्सा स्वीकृति प्राप्त गर्न नसकेका घरमा सञ्चालित व्यवसायका हकमा घरधनी तथा व्यवसायीले सम्पत्ति कर बुझाएको प्रमाण पेश गर्न नसकेता पनि वडा कार्यालयले सर्जमिन गरी यस ऐन बमोजिमको दररेटमा चालु आर्थिक वर्ष र गत विगत आर्थिक वर्षहरुको व्यवसाय कर तथा बहाल कर लिन सक्नेछ।

(५) करदाताले आफ्नो व्यवसाय नरहेको वा बन्द भएको अवस्थामा ३५ दिन भित्र वा चालु आ.व.(व्यवसाय नरहेको वा बन्द गरेको आ.व.) समाप्त हुनु अगावै सम्बन्धित वडा कार्यालयमा सोको जानकारी तथा विवरण अनिवार्य पेश गर्नुपर्नेछ। सो अवधिभित्र विवरण पेश हुन नआएमा पूरै अवधिको कर लाग्नेछ।

(६) व्यवसाय कर असूल गर्दा बैंक तथा वित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको आधारमा अलग अलग ईकाइ मानी असूल गरिनेछ।

(७) कुनै व्यक्ति संस्था कम्पनी वा फर्मले आफ्नो पसल व्यवसायको पहिचान वा परिचयको लागि आफ्नो व्यवसाय वा कार्यालय संचालन हुने स्थानमा बढीमा ३० वर्गफिट सम्मको बोर्डलाई निशुल्क परिचय पार्टीको रुपमा राख्न दिईनेछ ।सो भन्दा माथिको बोर्ड भएमा दफा ८ बमोजिम विज्ञापन मानी विज्ञापन कर असूल गरिनेछ ।

(८) व्यवसाय दर्ता भएको तर कारोबार संचालन नगरी बसेका वा शून्य कारोबार भएका व्यवसाय बन्द गर्न चाहेमा पछिल्लो अन्तिम आ.व.को व्यवसाय कर तिरी व्यवसाय बन्द गर्न सक्नेछ।

६. **जडीबुटी, कवाडी र जीवजन्तु कर** : चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनपैदावार, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची -५ बमोजिमको कर लगाई असूल गरिनेछ।

७. **सवारी साधन कर** : सवारी साधन कर बागमती प्रदेश सरकारबाट निर्धारण र संकलन गरी प्रदेश कानून बमोजिम बाँडफाँडबाट प्राप्त भएबमोजिम हुनेछ।

८. **विज्ञापन कर** : (१) चन्द्रागिरि नगरपालिकाक्षेत्र भित्र सार्वजनिक स्थानबाट देखिने गरी भवन भित्र वा बाहिर र जग्गामा हुने विज्ञापन वा प्रचार प्रसारसम्बन्धी सामग्री, श्रव्य, दृश्य, स्टिकर, बेलुन र यस्तै प्रकृतिको विज्ञापनमा अनुसूची -६ बमोजिम विज्ञापन कर लिइनेछ।

(२) चन्द्रागिरि नगरपालिका क्षेत्र भित्रका सार्वजनिक स्थान विद्युतीय पोल, रोड, डिभाईडर सडक पेटीमा अनधिकृत रुपमा राखिएका जुनसुकै प्रकारका व्यवसायिक विज्ञापन सामग्रीहरु हटाईनेछ।

९. **मनोरञ्जन कर** : चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका मनोरञ्जन व्यवसायमा प्रदेश सरकारले तोके अनुसार अनुसूची - ७ बमोजिम मनोरञ्जन कर लगाई असूल गरिनेछ।

१०. **बहाल बिटौरी शुल्क** : चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका वा सार्वजनिक, ऐलानी, पर्ति जग्गा, सडक वा भवन, निजी जग्गा वा भवनमा घुम्ती हाटबजार वा रात्रीबजार वा विशेष मेलापर्वमा अनुसूची -८ मा भएको व्यवस्था बमोजिम बहाल बिटौरी शुल्क लगाई असूल गरिनेछ।

११. **सवारी साधन पार्किङ्ग शुल्क** : (१) चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत अनुसूची -९ बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाई असूल गरिनेछ।

(२) निजी भवन वा जग्गामा पार्किङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले यस नगरपालिकाबाट स्वीकृति लिई पार्किङ्ग व्यवसाय सञ्चालन गर्नुपर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै व्यवस्था गरिएको भए तापनि नगरपालिका क्षेत्रभित्र अन्य सम्भावित स्थानहरु पहिचान गरी फुटपाथ बाहेकका स्थानमा सवारी आवागमनमा अवरोध नहुने गरी तोकिएको मापदण्ड बमोजिम पार्किङ्ग सुविधा उपलब्ध गराइनेछ।

१२. **सेवा शुल्क दस्तुर** : चन्द्रागिरि नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची -१० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क लगाई असूल गरिनेछ।

१३. **प्राईभेट/साझेदारी फर्म दर्ता तथा नवीकरण** : (१) चन्द्रागिरि नगरपालिका क्षेत्र भित्र संचालित पाँच लाख रुपैया सम्म पूँजी भएका उद्योग व्यापार व्यवसायले व्यवसायको प्रकृतिका आधारमा बागमती प्रदेशको प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ ले तोकेको शुल्क लिई प्राईभेट साझेदारी फर्म दर्ता वा नवीकरण गरिनेछ ।

१४. **जरिवाना** : (१) यस नगरपालिकामा आ.व. २०८२/०८३ सम्मको बुझाउनु पर्ने सम्पत्ति कर, भूमिकर(मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर र विज्ञापन करको सम्पूर्ण बाँकी बक्यौता रकममा १०(दश) प्रतिशत जरिवाना चालु आ.व. २०८३/०८४ श्रावण १ गते देखिनै लाग्नेछ। मनोरञ्जन करका सम्बन्धमा प्रदेश कानून बमोजिम जरिवाना हुनेछ।

(२) यस ऐनमा तोकिएको विषयमा बाहेक अन्य विषयमा लाग्ने दण्ड जरिवाना छुट हुनेछैन।

(३) अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

(४) यस नगरपालिका क्षेत्रभित्र नगरपालिकाले अनुमति प्रदान नगरेका स्थलमा व्यक्ति वा सवारी साधन प्रवेश गरेमा र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय वा फोहरमैला गर्ने तथा प्रचलित कानूनविपरीतका कार्य गर्नेलाई अनुसूची -११ बमोजिम जरिबाना लगाई असूल उपर गरिनेछ। साथै नगरपालिकाको कार्यपालिकाबाट निर्णय गरी समय समयमा यस व्यवस्थामा थपघट तथा पुनरावलोकन गर्न सक्नेछ।

१५. **कर छुट** : यस ऐनमा उल्लेख भए बाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन। कर छुट अनुसूची -१२ बमोजिम हुनेछ।

१६. **कर तथा शुल्क सङ्कलन कार्यविधि** : यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐनसँग नबाझिने गरी चन्द्रागिरि नगरपालिका, नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

१७. **बाधा अड्काउ फुकाउ** : यस ऐन कार्यान्वयनको क्रममा कुनै बाधा आइपरेमा चन्द्रागिरि नगरपालिका, नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार हुनेछ।

१८. **अन्य व्यवस्था** : (१) बढी कर रकम फिर्ता सम्बन्धी : करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेमा बढी दाखिला भएको रकम फिर्ता माग गर्न सक्नेछ। यसरी बढी दाखिला भएको रकम फिर्ता माग गर्दा दाखिला गरेको ३५ दिनभित्र निवेदन दिनुपर्नेछ। सोको व्यहोरा साँचो देखिएमा नगर कार्यपालिकाको बैठकबाट रकम फिर्ता दिने निर्णय गराई स्वीकृत बजेटबाट बढी भएको राजस्व फिर्ता भुक्तानी दिन सकिनेछ।

(२) सिफारिस सम्बन्धी : नगरपालिकाको कार्यालय तथा बडा कार्यालयहरुले सिफारिस गर्दा नागरिकता, पञ्जीकरण जस्ता मौलिक हक अन्तर्गतका सेवाहरु तथा स्वास्थ्य उपचार, छात्रवृत्ति सम्बन्धी र

आकस्मिक विपद् सम्बन्धी सिफारिस बाहेक अन्य सिफारिस गर्दा कर चुक्ताको प्रमाण पत्र पेश भए पछि मात्र सिफारिस दिइनेछ।

१९. **नियमावली तथा कार्यविधि बनाउन सक्ने** : चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियमावली तथा कार्यविधिहरु बनाउन सक्नेछ।

२०. **साबिक बमोजिम हुने** : यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लेख नभएको हकमा साबिक बमोजिम हुनेछ।

२१. **खारेजी** : चन्द्रागिरि नगरपालिकाले जारी गरेका अन्य कानुनहरुको व्यवस्था यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछ।

अनुसूची -१ (क)
(दफा २ सँग सम्बन्धित)
सम्पत्ति करको दर

१.	सम्पत्ति करको दर	
	बिवरण	**दर रु.**
	पहिलो ३० लाख सम्मको मूल्याङ्कनमा	४००।-(एकमुष्ट)
	त्यस पछिको थप ५० लाख सम्ममा	०.०५ प्रतिशत
	त्यस पछिको थप ७० लाख सम्ममा	०.१ प्रतिशत
	त्यस पछिका थप १ करोड सम्ममा	०.२ प्रतिशत
	त्यस पछिको जतिसुकै रुपैयाँ थप भए पनि	०.३ प्रतिशत

- दफा (२) को प्रयोजनका लागि घर जग्गा कर/ सम्पत्ती कर लगाउदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ती कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा मालपोत (भूमीकर) लगाईनेछ ।

अनुसूची -१ (ख)

(दफा २ सँग सम्बन्धित)

सम्पत्ति कर निर्धारण प्रयोजनार्थ न्यूनतम मूल्याङ्कन

(सम्पत्ति कर प्रयोजनका लागि जग्गाको न्यूनतम मूल्याङ्कन जग्गा रजिष्ट्रेशन प्रयोजनका लागि भूमि प्रशासन कार्यालयले निर्धारण गरेको देहायको मूल्यलाई आधार मानिनेछ।)

(क) चन्द्रागिरि नगरपालिका अन्तर्गत

क्र.सं.	विवरण	प्रति आना रु.
१	नागढुङ्गा सुरुङमार्गले छुने दायाँबायाँको जग्गा प्रति आना	२६,००,०००।-
२	चेकपोष्ट पानीघाट सडकको दायाँबायाँ	१७,६०,०००।-
३	सतुंगल मातार्तिथ देउराली कुलेखानी सडकको दायाँबायाँ	१७,६०,०००।-
४	गुर्जुधारा वलम्बु सिर्जनाचोक सडकको दायाँबायाँ	१६,५०,०००।-
५	तिनथाना विष्णुदेवी हुँदै मच्छेनारायण पक्की सडकको दायाँबायाँ	१६,५०,०००।-

(ख) चन्द्रागिरि न.पा. १५ (साबिक तीनथाना गा.वि.स.)

क्र.सं.	विवरण	प्रति आना रु.
१	त्रिभूवन राजपथले छोएको दायाँबायाँ	२६,००,०००।-
२	तीनथाना विष्णुदेवी सडकको दायाँबायाँ	१६,५०,०००।-
३	पक्की सडक	१२,००,०००।-
४	कच्ची सडक	८,८०,०००।
५	गोरेटो बाटो	५,००,०००।-
६	बाटो नभएको	२,५०,०००।

(ग) चन्द्रागिरि न.पा. १४ (साविक नयाँ नैकाप गा.वि.स.)

क्र.सं.	विवरण	प्रति आना रु.
१	त्रिभुवन राजपथले छोएको दायाँबायाँ	२६,००,०००।-
२	पक्की सडक	१२,००,०००।
३	कच्ची सडक	८,८०,०००।-
४	गोरेटो बाटो	६,००,०००।-
५	बाटो नभएको	२,५०,०००।-

(घ) चन्द्रागिरि न.पा. १३ (साविक नैकाप पुरानो भन्ज्याङ गा.वि.स.)

क्र.सं.	विवरण	प्रति आना रु.
१	घ्याम्पेडोल बाइभन्ज्याङ/मितेरी मार्ग/थापा गाउँ/कंकाली सडक	११,००,०००।-
२	पक्की सडक	८,२५,०००।-
३	कच्ची सडक	६,००,०००।-
४	गोरेटो बाटो	४,००,०००।-
५	बाटो नभएको	१,५०,०००।-

(ङ) चन्द्रागिरि न.पा. १२ (साविक बलम्बु गा.वि.स.)

क्र.सं.	विवरण	प्रति आना रु.
१	त्रिभूवन राजपथले छोएको	२६,००,०००।-
२	पक्की सडक	९,९०,०००।-
३	कच्ची सडक	७,७०,०००।-
४	गोरेटो बाटो	४,४०,०००।-
५	बाटो नभएको	२,००,०००।-

(च) चन्द्रागिरि न.पा. १० र ११ (साविक सतुंगल गा.वि.स.)

क्र.सं.	विवरण	प्रति आना रु.
१	त्रिभूवन राजपथले छोएको दायाँबायाँ	२६,००,०००।-
२	सिप्रदी बोसीगाउँ खुसीखुसी सडक दायाँबायाँ	१४,००,०००।-
३	सतुंगल चोकबाट कंचनवस्ती गेटसम्म	१६,५०,०००।-
४	पक्की सडक	१२,००,०००।-
५	कच्ची सडक	८,८०,०००।-
६	गोरेटो बाटो	४,९५,०००।-
७	बाटो नभएको	२,२०,०००।-

(छ) चन्द्रागिरि न.पा. ९ (साविक मच्छेगाउँ गा.वि.स. वडा नं १,९,८ र ७ड मात्र)

क्र.सं.	विवरण	प्रति आना रु.
१	तीनथाना वडा कार्यालयदेखि विष्णुदेवी हुँदै मच्छेनारायण गेटसम्मको पक्की सडक	१६,५०,०००।-
२	मच्छेनारायण गेटदेखि पश्चिम मातातीर्थ खुसीखुसी चोकसम्मको पक्की सडक	८,८०,०००।-
३	खुसीखुसी चोकबाट दक्षिणतर्फ हुँदै सुनार गाउँ हुँदै पिपलको बोट कीर्तिपुर निस्कने बाटो सम्मको सडक	८,००,०००।-
४	पक्की सडक	८,००,०००।-
५	कच्ची सडक	६,००,०००।-
६	गोरेटो बाटो	३,००,०००।-
७	बाटो नभएको	१,५०,०००।-

(ज) चन्द्रागिरि न.पा. ८ (साविक मातातीर्थ गा.वि.स.)

क्र.सं.	विवरण	प्रति आना रु.
१	पक्की सडक	१०,००,०००।-
२	कच्ची सडक	७,००,०००।-
३	गोरेटो बाटो	३,००,०००।-
४	बाटो नभएको	१,५०,०००।-

(झ) चन्द्रागिरि न.पा. ५,६ र ७ (साविक थानकोट महादेवस्थान गा.वि.स.)

क्र.सं.	विवरण	प्रति आना रु.
१	त्रिभूवन राजपथले छोएको दायाँबायाँ	२६,००,०००।-
२	पक्की सडक	१०,४०,०००।-
३	कच्ची सडक	७,७०,०००।-
४	गोरेटो बाटो	४,४०,०००।-
५	बाटो नभएको	२,५०,०००।-

(ञ) चन्द्रागिरि न.पा. ३ र ४ (साविक थानकोट गा.वि.स.)

क्र.सं.	विवरण	प्रति आना रु.
१	त्रिभूवन राजपथले छोएको दायाँबायाँ	२६,००,०००।-
२	पक्की सडक	९,९०,०००।-
३	कच्ची सडक	७,७०,०००।-
४	गोरेटो बाटो	४,४०,०००।-
५	बाटो नभएको	२,५०,०००।-

(ट) चन्द्रागिरि न.पा. २ (साविक बाडभन्ज्याङ गा.वि.स.)

क्र.सं.	विवरण	प्रति आना रु.
१	त्रिभूवन राजपथले छोएको नागढुङ्गासम्म सडक दायाँबायाँ	१५,००,०००।-
२	त्रिभूवन राजपथले छोएको नागढुङ्गादेखि पिप्लामोड सिस्ने खोला सडक दायाँबायाँ	१३,००,०००।-
३	घ्याम्पेडोल बाडभन्ज्याङ सडक	१०,००,०००।-
४	पक्की सडक	६,००,०००।-
५	कच्ची सडक	४,००,०००।-
६	गोरेटो बाटो	१,५०,०००।-
७	बाटो नभएको	१,००,०००।-

(ठ) चन्द्रागिरि न.पा. १ (साविक दहचोक गा.वि.स.)

क्र. सं.	विवरण	प्रति आना रु.
१	घ्याम्पेडोल बाडभन्ज्याङ मूल सडक	११,००,०००।-
२	पक्की सडक	८,२५,०००।-
३	कच्ची सडक	६,००,०००।-
४	गोरेटो बाटो	३,००,०००।-
५	बाटो नभएको	१,५०,०००।-

स्पष्टिकरणः नगरपालिकाले सम्पत्ति कर निर्धारण प्रयोजनका लागि बाटोका आधारमा जग्गाको मूल्य कायम गरिनेछ र सोही अनुसार कर निर्धारण हुनेछ। एकभन्दा बढी बाटोले छोएको घरजग्गाको हकमा सबैभन्दा ठूलो बाटोलाई आधार लिई जग्गाको मूल्य कायम गरी कर निर्धारण गरिनेछ।

अनुसूची -१ (ग)
(दफा २ सँग सम्बन्धित)
सम्पत्ति कर लाग्ने क्षेत्रहरुको घरको बनोटको वर्गीकरण, मूल्याङ्कन तथा ह्रासकट्टी

	सम्पत्ति कर लाग्ने क्षेत्रहरुको घरको बनोटको वर्गीकरण, मूल्याङ्कन तथा ह्रासकट्टी			
क्र. सं.	घरको बनोटको वर्गीकरण	औसत लागत दर प्रति वर्ग फुट	ह्रासकट्टी प्रतिशतमा	कट्टी गर्ने जम्मा वर्ष
(क)	भित्र काँचो बाहिर पाको इट्टामा माटोको जोडाई भएको वा काठैकाठबाट बनेको र जस्ता, झिंगटी, टायल, एसबेस्टसको छाना भएको घर	१,०००।-	३.००	२५
(ख)	भित्र बाहिर पाको इट्टा वा ढुङ्गामा माटोको जोडाई भई भित्र बाहिर सिमेन्ट प्लास्टर गरी छाना ढलान (आर.सी.सी. वा आर.बि.सी.) गरिएको वा जस्ता, टायल, झिंगटी, एसबेस्टसको छाना भएको घर	१,२००।-	२.००	३०
(ग)	भित्र बाहिर पाको इट्टा वा ढुङ्गामा सिमेन्ट प्लास्टर गरी छाना ढलान (आर.सी.सी. वा आर.बि.सी.) गरिएको घर	१,३५०।-	१.००	७०
(घ)	आर.सी.सी. फ्रेम स्ट्रक्चरमा भएको घर	१,८००।-	०.७५	१००
(ङ)	स्टिल फ्रेम स्ट्रक्चर, फ्रबिड ट्रस, फाइबर वा यस्तै संरचना	१,५७५।-	०.७५	१००

द्रष्टव्य :-

१. टुटफुट कट्टीको हिसाब गर्दा घट्दो मूल्यको आधारमा गरिनेछ।
२. सम्पत्ति कर (घरजग्गा कर) लाग्ने क्षेत्रहरुको जग्गाको मूल्याङ्कन गर्दा रजिष्ट्रेसन प्रयोजनका लागि भूमि प्रशासन कार्यालयले तोकेको दर बमोजिम मूल्याङ्कन गरिनेछ।
३. ह्रास कट्टीको समय समाप्त भई सकेपछिको घरजग्गाको सम्पत्ति कर अन्तिम मूल्याङ्कन रकममा तोके बमोजिम कर लाग्नेछ।
४. सम्पत्ति कर लगाएका घरजग्गामा भूमिकर लाग्ने छैन।

अनुसूची -२

(दफा ३ सँग सम्बन्धित)

भूमि कर (मालपोत)

क्र.सं.	जग्गाको वर्ग विवरण	दररेट रु.
१	न्यूनतम(५ आनासम्म)	१००।-
त्यसपछि प्रति आना		
२	क वर्ग	१६।-
३	ख वर्ग	१४।-
४	ग वर्ग	१२।-
५	घ वर्ग	१०।-
६	ङ वर्ग	८।-

वर्ग	विभाजित क्षेत्रहरु
क	कलंकी नागढुङ्गा मुल सडक/सुरुङ मार्गले छोएको सडक
ख	पक्की सडक
ग	कच्ची सडक
घ	गोरेटो बाटो
ङ	बाटो नभएको

अनुसूची -३

(दफा ४ सँग सम्बन्धित)

घर जग्गा बहाल कर

क्र. सं.	विवरण	वर्गीकरण	दर रु.
१	नगर क्षेत्र भित्रका घर,पसल, ग्यारेज, गोदाम,कम्प्लेक्स, टहरा, सेड, कारखाना, जग्गा, पोखरी, सवारी साधन, यन्त्र उपकरण आदि।	क. संघ, संस्था, कार्यालय, उद्योग, व्यापार, व्यवसाय प्रयोजनको लागि	१० प्रतिशत
		ख. आबासीय प्रयोजनको लागि	३ प्रतिशत
		ग. कृषि प्रयोजनको लागि	१ प्रतिशत

नोट :-

१. बहाल सम्झौता पत्र अनिवार्य रुपमा बडा कार्यालयमा प्रमाणित गरी राख्नुपर्नेछ।

२. बडा कार्यालयमा नियमानुसार बहाल कर नबुझाएका घरधनीको बहालमा रहेको तालाबन्दी गरिएको कोठा खुलाउनका लागि सेवा शुल्क दस्तुर र थप जरिवाना बापत रु. १,०००।- भुक्तानी गरेपश्चात् मात्र कोठा खुला गरिनेछ।

अनुसूची -४

(दफा ५ सँग सम्बन्धित)

व्यवसाय कर

व्यवसाय कर पूँजीगत लगानी, आर्थिक कारोबार, व्यवसायको प्रकृति र प्रकारका आधारमा कायम गरिएको दर यस प्रकार रहेको छ।

(क) व्यापारिक वस्तु

क्र.सं.	विवरण	वार्षिक कर रु.
१	पेट्रोलियम पदार्थ थोक/खुद्रा बिक्री गर्ने आयल स्टोर वा डिपो	
	क श्रेणी (पेट्रोल, डिजेल दुवै)	३०,०००।-
	ख श्रेणी (पेट्रोल वा डिजेल मध्य कुनै एकमात्र)	२०,०००।-
	ग श्रेणी (मट्टितेल मात्र बिक्री गर्ने)	३,०००।-
२	ग्यास सिलिण्डर	
	क श्रेणी (डिष्ट्रिव्युटर)	५,०००।-
	ख श्रेणी (डिलर, खुद्रा पसल)	३,०००।-
३	बिजुली सामान बिक्री गर्ने पसल	
	क श्रेणी (२० लाखभन्दा माथि)	२,०००।-
	ख श्रेणी (२० लाखसम्म)	१,०००।-
४	रड, एङ्गल पाइप, पत्ता, सिमेन्ट, जस्ता पाता हार्डवेयर पसल तथा ताला, छेस्किनी, चुकुल, जाली, किलाकाँटा, रडरोगन, एल्म्यूनियम, प्लाष्टिकका सबै खालको (Building Materials) बिक्री	
	क श्रेणी (५० लाख माथि)	१५,०००।-
	ख श्रेणी (२५ लाखदेखि ५० लाखसम्म)	१०,०००।-
	ग श्रेणी (२५ लाखसम्म)	७,०००।-

क्र.सं.	विवरण	वार्षिक कर रु.
५	बाथरुम फिटिङ, पाइप, पाइप फिटिङ, टायल, मार्बल, ग्रेनाइट पसल	
	क श्रेणी (५० लाख माथि)	५०,०००।-
	ख श्रेणी (२५ लाखदेखि ५० लाखसम्म)	२०,०००।-
	ग श्रेणी (२५ लाखसम्म)	१५,०००।-
६	निर्माण सामाग्री (इट्टा, बालुवा, गिट्टी, रोडा) बिक्री डिपो/ सप्लायर्स	
	क श्रेणी (२० लाख माथि)	१५,०००।-
	ख श्रेणी (२० लाखसम्म)	१०,०००।-
	निर्माण सामाग्री (इट्टा, बालुवा, गिट्टी, रोडा) बिक्री सम्पर्क कार्यालय (स्टक नराखेको)	५,०००।-
७	कटिङ ढुङ्गा, छाप्ने ढुङ्गा बिक्री केन्द्र	५,०००।-
८	पानी फिल्टर तथा सोलार बत्ती सम्बन्धी मेशीन औजार बिक्री	
	क श्रेणी (२० लाख माथि)	३,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	२,०००।-
	ग श्रेणी (१० लाखसम्म)	१,०००।-
९	सूर्ती तथा मदिराजन्य व्यवसाय	
	क श्रेणी (२० लाख माथि)	१५,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	१०,०००।-
	ग श्रेणी (१० लाखसम्म)	५,०००।-
	घ श्रेणी (पान पसल)	१,०००।-
१०	सुन चाँदी तथा गहना पसल (ज्वेलरी)	
	क श्रेणी (३० लाख माथि)	१५,०००।-
	ख श्रेणी (२० लाखदेखि ३० लाखसम्म)	१०,०००।-
	ग श्रेणी (२० लाखसम्म)	७,०००।-
११	प्लेटेड गहना	३,००० ।-

क्र.सं.	विवरण	वार्षिक कर रु.
१२	टमोट, ज्यासल	
	क श्रेणी (२० लाख माथि)	१,५००।-
	ख श्रेणी (२० लाखसम्म)	१,०००।-
१३	वेल्डिङ् र ग्रिलपसल	
	क श्रेणी (२० लाख माथि)	५,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	४,०००।-
	ग श्रेणी (१० लाखसम्म)	३,०००।-
१४	ट्रस, आल्मोनियम फ्रेम आदि बनाउने पसल	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	६,०००।-
	ग श्रेणी (१० लाखसम्म)	४,०००।-
१५	स्टिल, आल्मोनियम, तामा, पित्तल, प्लाष्टिक, भाडाकुँडा पसल	
	क श्रेणी (२० लाख माथि)	५,०००।-
	ख श्रेणी (२० लाखसम्म)	३,०००।-
१६	सेरामिक्स पसल	
	क श्रेणी (२० लाख माथि)	१,०००।-
	ख श्रेणी (२० लाखसम्म)	५००।-
१७	ह्यान्डीक्राफ्ट (पस्मिना, थान्का, गलैंचा, बुटीक)	
	क श्रेणी (२० लाख माथि)	५,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	३,०००।-
	ग श्रेणी (१० लाखसम्म)	२,०००।-
१८	हस्तकला तथा क्यूरियो पसल	
	क श्रेणी (२० लाख माथि)	३,०००।-
	ख श्रेणी (२० लाखसम्म)	१,५००।-
१९	फूलमाला सजावट पसल	२,०००।-

क्र.सं.	विवरण		वार्षिक कर रु.
२०	क्रिस्टल सम्बन्धी व्यवसाय		२,०००।-
२१	Wallpaper सँग सम्बन्धित व्यवसाय		१,५००।-
२२	कम्प्युटर, टेलिभिजन, रेडियो, मोबाइल, क्यामेरा, घडी, फ्रिज, वासिङ मेसिन जस्ता इलेक्ट्रोनिकल सामान बिक्री पसल		
	क	श्रेणी (कम्प्युटर, टेलिभिजन, फ्रिज, वासिङ मेसिन लगायत आदि)	१०,०००।-
	ख	श्रेणी (क्यामेरा, मोबाइल, फोटोग्राफी, भिडियो ग्राफी लगायत आदि)	८,०००।-
	ग	श्रेणी (रेडियो, घडी लगायत आदि)	५,०००।-
२३	कलर ल्याब, फोटो स्टुडियो		
	क	श्रेणी (२० लाख माथि)	१,५००।-
	ख	श्रेणी (२० लाखसम्म)	१,०००।-
२४	साइनबोर्ड, फ्लेक्स, स्टयाम्प बनाउने, पेन्टिङ्ग, ग्राफिक्स वा स्किन प्रिन्ट		
	क	श्रेणी (२० लाख माथि)	५,०००।-
	ख	श्रेणी (१० लाखदेखि २० लाखसम्म)	३,०००।-
	ग	श्रेणी (१० लाखसम्म)	२,०००।-
२५	कार्पेट तथा फर्निसिङ पसल		
	क	श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख	श्रेणी (१५ लाखदेखि २० लाखसम्म)	७,०००।-
	ग	श्रेणी (१० लाखदेखि १५ लाखसम्म)	५०००।-
	घ	श्रेणी (१० लाख सम्म)	३,०००।-
२६	सिसा तथा प्लाईउड पसल		
	क	श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख	श्रेणी (२० लाखसम्म)	५,०००।-

क्र.सं.	विवरण	वार्षिक कर रु.
२७	स्टिल वा काठको फर्निचर पसल	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (२० लाखसम्म)	५,०००।-
२८	कार्नेश/फल्स सिलिङ्ग पसल	
	क श्रेणी (२० लाख माथि)	५,०००।-
	ख श्रेणी (२० लाखसम्म)	३,०००।-
२९	धान, गहुँ, मसला कुट्ने मिल	
	(क) १५ हर्ष पावरभन्दा माथि	२,०००।-
	(ख) ११ देखि १५ हर्ष पावरसम्म	१,५००।-
	(ग) १ देखि १० हर्ष पावरसम्म	१,०००।-
३०	राईस/चिउरा मिल	
	क श्रेणी(१ करोड माथि)	३०,०००।-
	ख श्रेणी(५० लाख माथि देखि १ करोड सम्म)	२०,०००।-
	ग श्रेणी(५० लाख सम्म)	१०,०००।-
३१	खाने तेल मिल	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (२० लाखसम्म)	७,०००।-
३२	डिपार्टमेण्टल स्टोर	
	क श्रेणी (२० लाख माथि)	२५,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	२०,०००।-
	ग श्रेणी (१० लाखसम्म)	१५,०००।-
३३	ग्रोसरी/मार्ट	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (२० लाखसम्म)	७,०००।-

क्र.सं.	विवरण	वार्षिक कर रु.
३४	विविध वस्तुहरुको आयात निर्यात/सप्लायर्स/ विविध वस्तुहरुको गोदाम/ बहुउद्देश्यीय कम्पनी	
	क श्रेणी (२ करोड माथि)	५०,०००।-
	ख श्रेणी (१ करोडदेखि २ करोडसम्म)	४०,०००।-
	ग श्रेणी (५० लाखदेखि १ करोड सम्म)	३०,०००।-
	घ श्रेणी ५० लाखसम्म)	२०,०००।-
३५	सामान ढुवानी कम्पनी	
	क श्रेणी (२० लाख माथि)	५,०००।-
	ख श्रेणी (२० लाखसम्म)	३,०००।-
३६	सैलुन	
	क श्रेणी (हेयर कटिङ, ह्यान्सम पार्लर लगायतको सुविधा भएको)	५,०००।-
	ख श्रेणी (साधारण सैलुन)	२,०००।-
३७	ब्युटी पार्लर, केश शृङ्गार, कस्मेटिक सामान	
	क श्रेणी (ब्युटी पार्लर, केश शृङ्गार, कस्मेटिक सामान समेत)	५,०००।-
	ख श्रेणी (पार्लर मात्र)	३,०००।-
३८	शृङ्गार सामग्री (कस्मेटिक) पसल	
	क श्रेणी (१० लाख माथि)	५,०००।-
	ख श्रेणी (१० लाखसम्म)	३,०००।-
३९	खेलौना तथा उपहार बिक्रेता	
	क श्रेणी (१० लाख माथि)	३,०००।-
	ख श्रेणी (१० लाखसम्म)	१,५००।-

क्र.सं.	विवरण	वार्षिक कर रु.
४०	जुत्ता/चप्पल पसल	
	क श्रेणी (१० लाख माथि)	३,०००।-
	ख श्रेणी (१० लाखसम्म)	२,०००।-
४१	बुटिक, रेडिमेड कपडा, फेन्सी पसल, साडी, कुर्ता सुरुवाल, ऊन पसल लगायत आदि बिक्रेता	
	क श्रेणी (१० लाख माथि)	३,०००।-
	ख श्रेणी (१० लाख सम्म)	२,०००।-
४२	सिरक डसना पसल	२,०००।-
४३	कपडा एण्ड फाईबर स्टोर्स	५,०००।-
४४	लुगा सिउने मेसिन बिक्री गर्ने पसल	५,०००।-
४५	सियो, धागो, टाँक, इमब्रोडरी वा सामान बिक्री पसल	२,०००।—
४६	सर्टिड सुटिड टेलरिड	
	क श्रेणी (सर्टिड सुटिड कपडा पसल सहित)	१०,०००।-
	ख श्रेणी (सर्टिड सुटिड तथा टेलरिड पसल)	२,०००।-
४७	सिलाई कटाई पसल तथा प्रशिक्षण सम्बन्धी व्यवसाय	१५००।-
४८	पुस्तक, स्टेसनरी सामान, पत्रपत्रिकाको बिक्रेता	
	क श्रेणी (१० लाख माथि)	५,०००।-
	ख श्रेणी (१० लाखसम्म)	२,०००।-
४९	एकोरियम बिक्री पसल	५,०००।-
५०	खेलकुद/म्युजिकल सामान बिक्री पसल	५,०००।-
५१	पूजा सामग्री पसल	२,०००।-

क्र.सं.	विवरण	वार्षिक कर रु.
५२	निजी खेलकुद व्यवसाय	
	१ फुटसल	४,०००।-
	(१) तेक्वान्डो	१,५००।-
	(२) कराते	१,५००।-
	(३) बक्सिङ	१,५००।-
	(४) ब्याडमिन्टन	१,५००।-
	(५) टेनिस (Tennis)	३,०००।-
	(६) भारोत्तोलन (Weight Lifting)	१,५००।-
	(७) टेबल टेनिस (Table Tennis)	१,५००।-
	(८) स्वीमिङ पुल	२,५००।-
	(९) जिमखाना/व्यायामशाला	५,०००।-
	(१०) जुम्बा डान्स	१,०००।-
	(११) स्केटिङ व्यवसाय	३,०००।-
	(१२) पुलहाउस	१०,०००।-
५३	रड र रडसँग सम्बन्धित व्यवसाय	
	क श्रेणी (२० लाखभन्दा माथि)	५,०००।-
	ख श्रेणी (२० लाखसम्म)	३,०००।-
५४	संस्थागत पेन्टर	
	क श्रेणी (२० लाखभन्दा माथि)	२,०००।-
	ख श्रेणी (२० लाखसम्म)	१,५००।-
५५	बाँस डिपो पसल	१,०००।-
५६	कागज कप, प्लेट, प्लाष्टिक पसल	१,०००।-
५७	चस्मा पसल	
	क श्रेणी (२० लाखभन्दा माथि)	५,०००।-
	ख श्रेणी (२० लाखसम्म)	२,०००।-
५८	ईनारका रिङ बनाउने व्यवसाय	३,०००।-
५९	अनलाइन फुड डेलिभरी तथा अनलाइन व्यवसाय	५,०००।-
६०	टनेल किलिन (Tunnel Kiln)	३,००,०००।-

(ख) विशेषज्ञ परामर्श सेवा

क.सं.	विवरण	दर रु.
१	चिकित्सक सेवा	१,५००।-
२	कविराज	१,०००।-
३	कानून व्यवसायी	
	क श्रेणी (ल फर्म वरिष्ठ अधिवक्ता भएको)	१०,०००।-
	ख श्रेणी (ल फर्म, अनुवादक,नोटरी पब्लिक, लेखापढी)	५,०००।-
४	इन्जिनियर सेवा	५,०००।-
५	लेखापरीक्षकको फर्म	
	क. सि. ए.	५,०००।-
	ख. आर. ए.	३,०००।-
६	दन्त परीक्षक	१,०००।-
७	अनुसन्धानकर्ता तथा परामर्शदाता (कन्सल्टयान्सी)	
	क श्रेणी (विदेशी अनुसन्धानकर्ता तथा परामर्शदाता/ सल्लाहकार संस्था)	१०,०००।-
	ख श्रेणी (स्वदेशी अनुसन्धानकर्ता तथा परामर्शदाता)	५,०००।-
८	कम्प्युटर एनालिष्ट तथा प्रोगामर	
	क श्रेणी (कम्पनी भएमा)	५,०००।-
	ख श्रेणी (व्यक्ति भएमा)	२,०००।-
९	बीमा अभिकर्ता	१,५००।-
१०	सर्भेयर	१,५००।-
११	अनुवादक	१,५००।-
१२	शेयर ब्रोकर, घरजग्गा कारोबार गर्ने ब्रोकर एजेन्सी	१०,०००।-
१३	वैदेशिक रोजगारी परामर्श सेवा	१०,०००।-
१४	शिक्षा परामर्श सेवा	८,०००।-
१५	कृषि, भेटेरीनरी परामर्श सेवा	२,०००।-

क.सं.	विवरण	दर रु.
१६	केयर गिभर ट्रेनिङ एण्ड रिसर्च सेन्टर	३,०००।-
१७	अनलाईन र सफ्टवेयर कन्सल्टेन्सी	५,०००।-
१८	सबै प्रकारका कन्सल्टेन्सी (संस्थागत)	१०,०००।-
१९	ज्योतिष सम्बन्धी कार्य (ज्योतिष परामर्श सेवा)	१,०००।-

(ग) उत्पादनमूलक व्यवसाय तथा उद्योग

क्र. सं.	विवरण	दर रु.
१	कपडा पेल्ने उद्योग	
	क श्रेणी (२० लाख माथि)	८,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	६,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	४,०००।-
	घ श्रेणी (५ लाखसम्म)	२,०००।-
२	सिरक, डसना, कुसन बनाउने उद्योग	
	क श्रेणी (२० लाख माथि)	७,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	५,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	३,०००।-
	घ श्रेणी (५ लाखसम्म)	१,०००।-
३	कार्पेट, गार्मेन्ट उद्योग	
	क श्रेणी (२० लाख माथि)	८,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	६,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	४,०००।-
	घ श्रेणी (५ लाखसम्म)	२,०००।-
४	व्याग, बेल्ट, पर्स आदि उत्पादन उद्योग	
	क श्रेणी (२० लाख माथि)	८,०००।-
	ख श्रेणी (२० लाखसम्म)	५,०००।-

क्र. सं.	विवरण	दर रु.
५	छाता उद्योग	
	क श्रेणी (२० लाख माथि)	२०,०००।-
	ख श्रेणी (२० लाखसम्म)	१०,०००।-
६	म्याट्रिस उद्योग	
	क श्रेणी (२० लाख माथि)	५०,०००।-
	ख श्रेणी (२० लाखसम्म)	२५,०००।-
७	जुत्ता, चप्पल कारखाना/उद्योग	
	क श्रेणी (२० लाख माथि)	२५,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	१०,०००।-
	ग श्रेणी (१० लाखसम्म)	५,०००।-
८	परमीना उद्योग	
	क श्रेणी (२० लाख माथि)	२०,०००।-
	ख श्रेणी (२० लाखसम्म)	१०,०००।-
९	ऊनी धागो उद्योग	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (२० लाखसम्म)	५,०००।-
१०	ढाका कारखाना	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	५,०००।-
	ग श्रेणी (१० लाखसम्म)	३,०००।-
११	पुरानो प्लाष्टिक प्रशोधन उद्योग	
	क श्रेणी (५० लाख माथि)	१०,०००।-
	ख श्रेणी (२० लाखदेखि ५० लाखसम्म)	८,०००।-
	ग श्रेणी (१० लाखदेखि २० लाखसम्म)	६,०००।-
	घ श्रेणी (१० लाखसम्म)	४,०००।-

क्र. सं.	विवरण	दर रु.
१२	प्लाष्टिक उद्योग	
	क श्रेणी (२० लाख माथि)	४०,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	२०,०००।-
	ग श्रेणी (५ लाख माथि देखि १० लाखसम्म)	१०,०००।-
	घ श्रेणी (५ लाखसम्म)	५,०००।-
१३	कागज उद्योग/प्रकाशन उद्योग	
	क श्रेणी (२० लाख माथि)	२५,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	१५,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	१०,०००।-
	घ श्रेणी (५ लाखसम्म)	५,०००।-
१४	कागजको प्लेट, कप आदि बनाउने उद्योग	
	क श्रेणी (२० लाख माथि)	८,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	६,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	४,०००।-
	घ श्रेणी (५ लाखसम्म)	२,०००।-
१५	कार्टुन उद्योग	
	क श्रेणी (२० लाख माथि)	२५,०००।-
	ख श्रेणी (२० लाखसम्म)	१५,०००।-
१६	नेपकिन उद्योग	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (२० लाखसम्म)	५,०००।-
१७	कापी किताब उद्योग	
	क श्रेणी (२० लाख माथि)	२०,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	१०,०००।-
	ग श्रेणी (१० लाखसम्म)	५,०००।-

क्र. सं.	विवरण	दर रु.
१८	फुड इन्डष्ट्रिज	
	क श्रेणी (२० लाख माथि)	५०,०००।-
	ख श्रेणी (२० लाखसम्म)	२०,०००।-
१९	दुध उत्पादन उद्योग	
	क श्रेणी (२० लाख माथि)	२५,०००।-
	ख श्रेणी (२० लाखसम्म)	१०,०००।-
२०	बेकरी उद्योग	
	क श्रेणी (२० लाख माथि)	५,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	२,५००।-
	ग श्रेणी (१० लाखसम्म)	१,०००।-
२१	सिन्के चाउचाउ/चाउमिन उद्योग	
	क श्रेणी (२० लाख माथि)	२,५००।-
	ख श्रेणी (२० लाखसम्म)	१,५००।-
२२	चाउचाउ/बिस्कुट उद्योग	
	क श्रेणी (५० लाख माथि)	७,०००।-
	ख श्रेणी (२० लाखदेखि ५० लाखसम्म)	२,५००।-
	ग श्रेणी (२० लाखसम्म)	१,५००।-
२३	आल्मुनियम उद्योग	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	५,०००।-
	ग श्रेणी (१० लाखसम्म)	१,०००।-
२४	रेफ्रिजेरेटर उद्योग	
	क श्रेणी (१ करोड माथि)	२०,०००।-
	ख श्रेणी ५० लाखमाथि १ करोडसम्म)	१५,०००।-
	ग श्रेणी (५० लाख सम्म)	१०,०००।-

क्र. सं.	विवरण	दर रु.
२५	स्टिल/पोली ट्याङ्की उद्योग	
	क श्रेणी (२० लाख माथि)	५०,०००।-
	ख श्रेणी (२० लाखसम्म)	२०,०००।-
२६	तामा, पित्तल, स्टील उद्योग/व्यवसाय	
	क श्रेणी (५० लाख माथि)	५०,०००।-
	ख श्रेणी (२५ लाखदेखि ५० लाखसम्म)	३०,०००।-
	ग श्रेणी (१० लाखदेखि २५ लाखसम्म)	१०,०००।-
	घ श्रेणी (१० लाखसम्म)	५,०००।-
२७	अक्सिजन उत्पादन उद्योग	
	क श्रेणी (२० लाख माथि)	३०,०००।-
	ख श्रेणी (२० लाखसम्म)	१५,०००।-
२८	केमिकल्सजन्य उद्योग	
	क श्रेणी (२० लाख माथि)	१५,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	१०,०००।-
	ग श्रेणी (१० लाखसम्म)	५,०००।-
२९	पाइप उद्योग	
	क श्रेणी (२० लाख माथि)	५०,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	३०,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	२०,०००।-
	घ श्रेणी (५ लाखसम्म)	१०,०००।-
३०	ह्युम पाइप उद्योग	
	क श्रेणी (२० लाख माथि)	७५,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	५०,०००।-
	ग श्रेणी (१० लाखसम्म)	२५,०००।-
	घ श्रेणी (रिङ निर्माण)	५,०००।-

क्र. सं.	विवरण	दर रु.
३१	औषधी उत्पादन उद्योग	
	क श्रेणी (२० लाख माथि)	५०,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	३०,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	२०,०००।-
	घ श्रेणी (५ लाखसम्म)	१०,०००।-
३२	ब्लक उद्योग	
	क श्रेणी (२० लाख माथि)	२५,०००।-
	ख श्रेणी (२० लाखसम्म)	५,०००।-
३३	बिजुलीको तार उद्योग	
	क श्रेणी (२० लाख माथि)	१,००,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	७५,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	५०,०००।-
	घ श्रेणी (५ लाखसम्म)	२५,०००।-
३४	साबुन, डिटरजेन्ट, क्लिनिङ पाउडर, अत्तर(Attar Perfume) उत्पादन गर्ने उद्योग	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (२० लाखसम्म)	५,०००।-
३५	पानी उद्योग/व्यवसाय	
	पानी व्यवसाय	२०,०००।-
	मिनिरल वाटर, सोडा उद्योग	२०,०००।-
	पानी प्याकेजिङ गरी बिक्री वितरण गर्ने उद्योग	१५,०००।-
	खानेपानी टयाङ्कर व्यवसाय (प्रति टयाङ्कर वार्षिक)	१०,०००।-

(घ) कृषि तथा खाद्यान्न

१	खाद्यान्न पसल/किराना पसल	
	क श्रेणी (१० लाख माथि)	२,०००।-
	ख श्रेणी (१० लाखसम्म)	१,५००।-
२	माछा, मासु, अण्डा, प्रशोधित मासुजन्य बिक्रेता	
	क श्रेणी (१० लाख माथि)	५,०००।-
	ख श्रेणी (१० लाखसम्म)	३,०००।-
३	फलफूल/बिरुवा बिक्रेता	
	क श्रेणी (१० लाख माथि)	२,०००।-
	ख श्रेणी (१० लाखसम्म)	१,५००।-

३६	डिष्टिलरी उद्योग	
	क श्रेणी (२० लाख माथि)	१,००,०००।-
	ख श्रेणी (२० लाखसम्म)	५०,०००।-
३७	पशुपन्छी फिड उद्योग	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	७,०००।-
	ग श्रेणी (१० लाखसम्म)	४,०००।-
३८	दाना उद्योग	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (२० लाखसम्म)	७,०००।-
३९	फाइबर उद्योग	
	क श्रेणी (२० लाख माथि)	२५,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	१०,०००।-
	ग श्रेणी (१० लाखसम्म)	५,०००।-

४०	ग्लास कारखाना उद्योग	
	क श्रेणी (२० लाख माथि)	१,५०,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	५०,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	२०,०००।-
	घ श्रेणी (५ लाखसम्म)	१०,०००।-
४१	किचन सामान व्यवसाय/उद्योग	
	क श्रेणी (५० लाख माथि)	५०,०००।-
	ख श्रेणी (१० लाखदेखि ५० लाखसम्म)	२५,०००।-
	ग श्रेणी (१० लाखसम्म)	५,०००।-
४२	टायर रिसोलिड उद्योग/व्यवसाय	
	क श्रेणी (२० लाख माथि)	७,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	५,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	३,०००।-
	घ श्रेणी (५ लाखसम्म)	१,०००।-
४३	फर्निचर उद्योग	
	क श्रेणी (२० लाख माथि)	१५,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	१०,०००।-
	ग श्रेणी (१० लाखसम्म)	५,०००।-
४४	काठ सःमिल	
	सःमिल(फर्निचर र गोदाम सहितको)	२०,०००।-
	सःमिल र काठ बिक्री गर्ने	१५,०००।-
४५	झ्याल ढोका कार्मिड उद्योग	
	क श्रेणी (२० लाख माथि)	५,०००।-
	ख श्रेणी (२० लाख सम्म)	३,०००।-

४६	जडीबुटी प्रशोधन उद्योग	
	क श्रेणी (लगानी ५ करोडभन्दा माथि)	१००,०००।-
	ख श्रेणी (लगानी १ करोडदेखि ५ करोडसम्म)	७५,०००।-
	ग श्रेणी (लगानी ५० लाखदेखि १ करोडसम्म)	५०,०००।-
	घ श्रेणी (लगानी १५ लाखदेखि ५० लाखसम्म)	२५,०००।-
	ङ श्रेणी (लगानी ५ लाखदेखि १५ लाखसम्म)	१०,०००।-
	च श्रेणी (लगानी ५ लाखसम्म)	५,०००।-
४७	सौर्य, कोइला, प्राकृतिक तेल, ग्यास, बायोग्यास तथा अन्य श्रोतबाट ऊर्जा पैदा गर्ने व्यवसाय	
	क श्रेणी (२० लाख माथि)	४,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	३,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	२,०००।-
	घ श्रेणी (५ लाखसम्म)	१,०००।-
४८	वैकल्पिक ऊर्जा उत्पादन उद्योग/सोलार प्यानल तथा सोको उपकरण निर्माण उद्योग	
	क श्रेणी (२० लाख माथि)	५०,०००।-
	ख श्रेणी (२० लाखसम्म)	२०,०००।-
४९	नबीकरणीय उर्जा व्यवसाय	
	क श्रेणी (२० लाख माथि)	५,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	३,०००।-
	ग श्रेणी (१० लाखसम्म)	२,०००।-
५०	सडक, पुल एवं आवास, कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने उद्योग व्यवसाय	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	८,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	५,०००।-
	घ श्रेणी (५ लाखसम्म)	३,०००।-

५१	खनिज उत्खनन तथा प्रशोधन गर्ने व्यवसाय	
	क श्रेणी (२० लाख माथि)	८,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	६,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	४,०००।-
	घ श्रेणी (५ लाखसम्म)	२,०००।-
५२	खानी उद्योग	
	(क) खानी दर्ता	२००००।-
	(ख) खानी नवीकरण	५०००।-
५३	छापाखाना	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	८,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	५,०००।-
	घ श्रेणी (५ लाखसम्म)	३,०००।-
५४	जिनिङ्ग एण्ड वेलिङ्ग व्यवसाय (कपडा, कपास र पराल प्रशोधन)	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	८,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	५,०००।-
	घ श्रेणी (५ लाखसम्म)	३,०००।-
५५	सार्वजनिक पारवहन (Transport) व्यवसाय	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	८,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	५,०००।-
	घ श्रेणी (५ लाखसम्म)	३,०००।-
५६	माटोको भाँडाकुँडा बनाउने र बिक्री वितरण गर्ने	५००।-

५७	घरेलु उद्योग	१,०००।-
५८	होजियारी व्यवसाय	
	क श्रेणी (१० लाख माथि)	७,००।-
	ख श्रेणी (१० लाखसम्म)	५००।-
५९	तितौरा अमिलो पसल	
	क श्रेणी (१० लाख माथि)	१,०००।-
	ख श्रेणी (१० लाखसम्म)	५००।-
६०	दालमोठ बनाउने	
	क श्रेणी (१० लाख माथि)	१,०००।-
	ख श्रेणी (५ लाखदेखि १० लाखसम्म)	७००।-
	ग श्रेणी (५ लाखसम्म)	५००।-
६१	मिठाई पसल	
	क श्रेणी (१० लाख माथि)	७,०००।-
	ख श्रेणी (५ लाखदेखि १० लाखसम्म)	४,०००।-
	ग श्रेणी (५ लाखसम्म)	२,०००।-
६२	दूधदही डेरी पसल	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	५,०००।-
	ग श्रेणी (१० लाखसम्म)	२,०००।-
६३	खानेकुरा पसल वा भोजनालय	
	क श्रेणी (१० लाख माथि)	२,०००।-
	ख श्रेणी (१० लाखसम्म)	१,०००।-
६४	साधारण रेष्टुरेन्ट	
	क श्रेणी (२० लाख माथि)	८,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	६,०००।-
	ग श्रेणी (१० लाखसम्म)	४,०००।-

६५	साधारण खाना/खाजा/चिया पसल	
	क. श्रेणी (१० लाख माथि)	१,०००।-
	ख. श्रेणी (५ लाखदेखि १० लाखसम्म)	८००।-
	ग. श्रेणी (५ लाखसम्म)	५००।-
६६	चिया, कफी बिक्री पसल	१,५००।-
६७	बेकरी पसल	
	क. श्रेणी (१० लाख माथि)	२,०००।-
	ख . श्रेणी (१० लाख सम्म)	१,०००।-
६८	बर्गर हाउस/चिकेन स्टेशन/तण्दुरी/फास्टफूड लगायत सोही प्रकृतिको व्यवसाय	१०,०००।-
६९	क. हलुका पेय पदार्थ उद्योग	५०,०००।-
	ख. हलुका पेय पदार्थ घरेलु उद्योग/सोडा आदि	२,०००।-
७०	क. आइसक्रिम उद्योग (३ किलोबाटभन्दा माथि)	१०,०००।-
	ख. आइसक्रिम/कुल्फी उद्योग घरेलु(३ किलोबाटसम्म)	२,०००।-
७१	पुनः प्रयोगयोग्य सामान बिक्री (स्क्राप नगरी प्रयोगमा आउने)	
	क. श्रेणी (२० लाख माथि)	१,५००।-
	ख. श्रेणी (२० लाखसम्म)	१,०००।-
७२	चल्ला उत्पादन गर्ने उद्योग (ह्याचरी उद्योग)	१०,०००।-
७३	श्रव्यदृश्य निर्माण तथा वितरण (Audio Visual Production and Distribution)	५,०००।-
७४	खेलौना तथा उपहार उद्योग	
	क. श्रेणी (२० लाख भन्दा माथि)	१००००।-
	ख. श्रेणी (१० लाख देखि २० लाख सम्म)	७०००।-
	ग. श्रेणी (१० लाख सम्म)	५०००।-

क्र.सं.	विवरण	दर रु.
४	मौरी पालन व्यवसाय	१,०००।-
५	कुखुराको चल्ला बिक्री	३,०००।-
६	पेट शप (घरपालुवा पशुपंक्षीको दाना/आहारा लगायत आदि बिक्री)	५,०००।-
७	कुकुर प्रजनन केन्द्र (डग ब्रिडिङ फर्म)	२,०००।-
८	फलफूल तरकारी पसल	
	क श्रेणी (२ लाख माथि)	१,५००।-
	ख श्रेणी (२ लाखसम्म)	१,०००।-
९	फलफूल पसल, जुस समेत	
	क श्रेणी (२ लाख माथि)	२,०००।-
	ख श्रेणी (२ लाखसम्म)	१,०००।-
१०	तरकारी तथा फलफूल सप्लायर्स	
	क श्रेणी (१० लाख माथि)	५,०००।-
	ख श्रेणी (१० लाख सम्म)	३,०००।-
११	कृषि वा वन पैदावारमा आधारित उद्योग/व्यवसाय/टनेल खेती	
	क श्रेणी (१० लाख माथि)	४,०००।-
	ख श्रेणी (१० लाखसम्म)	३,०००।-
१२	गाई/भैसी/बाख्रा/च्याङ्ग्रा तथा अन्य चौपाया फार्म	२,५००।-
१३	घरपालुवा पालन व्यवसाय (कुकुर, बिरालो आदि)	
	क श्रेणी (१० लाख माथि)	१,५००।-
	ख श्रेणी (१० लाखसम्म)	१,०००।-
१४	कुखुरा, टर्की, बट्टाई, कालिज आदि पालन व्यवसाय	
	क श्रेणी (१० लाख माथि)	३,०००।-
	ख श्रेणी (१० लाखसम्म)	२,०००।-

क्र.सं.	विवरण	दर रु.
१५	फलफूल/तरकारीको बिऊ बिजन बिक्री पसल	
	क श्रेणी (५ लाख माथि)	१,५००।-
	ख श्रेणी (५ लाखसम्म)	१,०००।-
१६	पशु वधशाला/पशु वधस्थल	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	५,०००।-
	ग श्रेणी (१० लाखसम्म)	३,०००।-
१७	छाला हड्डी व्यवसाय	१०,०००।-

(ङ) होटल तथा पर्यटनजन्य व्यवसाय

क्र. सं.	विवरण	दर रु.
१	होटल, मोटेल, रिसोर्ट	
	क श्रेणी (५ तारे होटल)	१,५०,०००।-
	ख श्रेणी (४ तारे होटल)	१,००,०००।-
	ग श्रेणी (३ तारे होटल)	५०,०००।-
	घ श्रेणी (मोटेल/होटल)	२०,०००।-
	ङ श्रेणी (रिसोर्ट)	१०,०००।-
२	होमस्टे	१,०००।-
३	चलचित्र प्रदर्शनी घर	१०,०००।-
४	3D हल	५,०००।-
५	लज, गेष्टहाउस	१०,०००।-
६	रेष्टुरेण्ट बार एण्ड दोहोरी	१२,०००।-
७	रिक्रियसन सेन्टर	१०,०००।-

क्र. सं.	विवरण	दर रु.
८	साहसिक खेल व्यवसाय(Adventure Game)	
	क जिप लाइन	५,०००।-
	ख स्काइ साइक्लिङ	५,०००।-
	ग बन्जी	५,०००।-
	घ स्काइ बाक	५,०००।-
	ङ अश्वारोहण(Horse Riding)	५,०००।-
	च रक कलाइम्बिङ	५,०००।-
९	पर्यटकीय रिक्रियसन खेल (गल्फकोर्स, राफ्टिङ, सफारी, अश्वारोहण (Horse Riding), स्किइङ, प्यारग्लाइडिङ, पोलो, बन्जीजम्प, केबलकार, रिसोर्ट, होटल आदि। को सम्पर्क कार्यालय	३,०००।-
१०	हस्तकला निर्यात व्यवसाय	३,०००।-
११	क्यासिनो	३,००,०००।-
१२	मिनि क्यासिनो	१,००,०००।-
१३	ट्रेकिङ सामान पसल	५,०००।-
१४	डिस्को थेक, नाइट क्लब	२५,०००।-
१५	थान्का पसल	५,०००।-
१६	टुर अपरेटर	
	क श्रेणी (२० लाख माथि)	५,०००।-
	ख श्रेणी (२० लाखसम्म)	३,०००।-
१७	ट्राभल/ट्रेकिङ एजेन्सी	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (२० लाखसम्म)	८,०००।-
१८	पार्टी प्यालेस, ब्याङ्क्वेट हल, कन्भेन्सन हल, इभेन्ट्स, भेन्यु	
	क श्रेणी (२० लाख माथि)	१५,०००।-
	ख श्रेणी (२० लाखसम्म)	१०,०००।-

क्र. सं.	विवरण	दर रु.
१९	मसाजपार्लर, स्पा, ज्याकुजी, सनबाथ लगायत आदि	
	क श्रेणी (२० लाख माथि)	३,०००।-
	ख श्रेणी (२० लाखसम्म)	२,०००।-
२०	फनपार्क	
	क श्रेणी (१४ रोपनीभन्दा माथि)	२०,०००।-
	ख श्रेणी (५ रोपनीदेखि १४ रोपनीसम्म)	१०,०००।-
	ग श्रेणी (५ रोपनीसम्म)	५,०००।-

(च) संचार सेवा व्यवसाय

क्र.सं.	विवरण	दर रु.
१	निजी क्षेत्रका टेलिफोन, फ्याक्स, फोटोकपी, पि.सी.ओ.	
	क श्रेणी (२० लाख माथि)	१,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	६००।-
	ग श्रेणी (१० लाखसम्म)	३००।-
२	निजी क्षेत्रका हुलाक/कुरियर सेवा	
	क श्रेणी (२० लाख माथि)	१,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	६००।-
	ग श्रेणी (१० लाखसम्म)	३००।-
३	छपाई तथा प्रकाशन	
	क श्रेणी (२० लाख माथि)	५,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	३,०००।-
	ग श्रेणी (१० लाखसम्म)	२,०००।-
४	टेलिभिजन प्रशारण संस्था	
	(क) दर्ता शुल्क	२०,०००।-
	(ख) नबीकरण शुल्क (बार्षिक)	७,०००।-

क्र.सं.	विवरण	दर रु.
५	रेडियो/एफ.एम. प्रशारण संस्था	
	(क) दर्ता शुल्क	१०,०००।-
	(ख) नवीकरण शुल्क (वार्षिक)	३,०००।-
६	केवल टि.भी., डिसहोम नेटवर्क, इन्टरनेट सेवा (ग्राहक संख्याको आधारमा)	
	क श्रेणी (२००० भन्दा बढी)	२०,०००।-
	ख श्रेणी (१००१-२०००)	१५,०००।-
	ग श्रेणी (५०१-१०००)	१०,०००।-
	घ श्रेणी (५०० सम्म)	५,०००।-
७	राष्ट्रिय पत्रिका	२,०००।-
८	स्थानीय पत्रिका, अनलाइन खबर	१,०००।-
९	साइबर क्याफे	२,०००।-
१०	अनलाईन मिडिया	१,०००।-

(छ) वित्तीय सेवा व्यवसाय

क्र.सं.	विवरण	दर रु.
१	नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने "क" वर्गको बैंक/वित्तीय संस्था	
	(क) मुख्य कार्यालय	५०,०००।-
	(ख) शाखा कार्यालय	२५,०००।-
	(ग) विस्तारित काउण्टर	१५,०००।-

क्र.सं.	विवरण	दर रु.
२	नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने "ख" वर्गको बैंक/वित्तीय संस्था	
	(क) मुख्य कार्यालय	३०,०००।-
	(ख) शाखा कार्यालय	१५,०००।-
	(ग) विस्तारित काउण्टर	१०,०००।-
३	नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने "ग" वर्गको फाईनान्स कम्पनी/वित्तीय संस्था	
	(क) मुख्य कार्यालय	२०,०००।-
	(ख) शाखा कार्यालय	१०,०००।-
४	नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने "घ" वर्गको लघुवित्त/वित्तीय संस्था	
	(क) मुख्य कार्यालय	१०,०००।-
	(ख) शाखा कार्यालय	५,०००।-
५	बीमा कम्पनी	
	(क) मुख्य कार्यालय	२५,०००।-
	(ख) शाखा कार्यालय	१०,०००।-
	(ग) विस्तारित काउण्टर	५,०००।-
६	विदेशी मुद्रा सटही काउण्टर	
	(क) मुख्य कार्यालय	१०,०००।-
	(ख) शाखा कार्यालय	५,०००।-
७	धितोपत्र कारोबार	
	(क) मुख्य कार्यालय	१०,०००।-
	(ख) शाखा कार्यालय	५,०००।-

क्र.सं.	विवरण	दर रु.
८	सहकारी संस्था	
	क श्रेणी (पूँजी ५ करोड माथि)	१०,०००।-
	ख श्रेणी (पूँजी १ करोडदेखि ५ करोडसम्म)	५,०००।-
	ग श्रेणी (पूँजी ५० लाखदेखि १ करोडसम्म)	२,०००।-
	घ श्रेणी (पूँजी ५० लाखसम्म)	१,०००।-
	सहकारी संस्थाको सदस्य सेवा केन्द्र	५,०००।-
९	सहकारी बैंक	
	(क) मुख्य कार्यालय	२०,०००।-
	(ख) शाखा कार्यालय	१०,०००।–
१०	इन्भेष्टमेन्ट कम्पनी	
	(क) मुख्य कार्यालय	२५,०००।-
	(ख) शाखा कार्यालय	१०,०००।-
११	मनिट्रान्सफर/रेमिटेन्स सेवा	१,०००।-
१२	बैंक तथा वित्तीय संस्थाको ATM बुथ	५,०००।-

(ज) स्वास्थ्य सेवा व्यवसाय

क्र.सं.	विवरण	दर रु.
१	निजी अस्पताल	
	क श्रेणी (५१ बेड माथि)	५०,०००।-
	ख श्रेणी (२१ बेडदेखि ५० बेडसम्म)	२०,०००।-
	ग श्रेणी (१६ बेडदेखि २० बेडसम्म)	१५,०००।-
	घ श्रेणी (१५ बेडसम्म)	१०,०००।-

क्र.सं.	विवरण	दर रु.
२	निजी अस्पताल तथा रिसर्च सेन्टर	
	क श्रेणी (५१ बेड माथि)	१,५०,०००।-
	ख श्रेणी (२१ बेडदेखि ५० बेडसम्म)	१,२०,०००।-
	ग श्रेणी (१६ बेडदेखि २० बेडसम्म)	१,१५,०००।-
	घ श्रेणी (१५ बेडसम्म)	१,१०,०००।-
३	निजी अस्पताल शाखा	१०,०००।-
४	नर्सिङ होम	२०,०००।-
५	साधारण क्लिनिक	३,०००।-
६	डेन्टल क्लिनिक, आइक्लिनिक	५,०००।-
७	ल्याब	२,०००।-
८	साउनाबाथ, फिजियोथेरापी, अर्थोपेडिक सेवा आदि	५०००।-
९	पोलिक्लिनिक, डाइग्नोस्टिक सेन्टर	
	क श्रेणी (एक्सरे, एम.आर.आइ.,ल्याब, सिटीस्क्यान आदि भएको)	१०,०००।-
	ख श्रेणी (एक्सरे र ल्याब मात्र)	५,०००।-
१०	हेल्थ क्लब तथा व्यायामशाला, एरोबिक सेन्टर	५,०००।-
११	आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा अस्पताल	५,०००।-
१२	औषधि पसल, भेटेरिनरी औषधी, सर्जिकल इक्युपमेन्ट बिक्रेता	३,०००।-
१३	आयुर्वेदिक पसल	१,०००।-
१४	भेटेरिनरी औषधी आयात व्यवसाय	१०,०००।-
१५	ध्यान तथा योग सिकाइ केन्द्र	३,०००।-
१६	कपाल प्रत्यारोपण सेन्टर	१०,०००।-

क्र.सं.	विवरण	दर रु.
१७	अक्यूपन्चर सेवा	३,०००।-
१८	भेटेरिनरी अस्पताल, क्लिनिक, प्रयोगशाला	३,०००।-

(झ) शिक्षा तथा तालिम व्यवसाय

क्र.सं.	विवरण	दर रु.
१	विश्वविद्यालय	४०,०००।-
२	क्याम्पस/कलेज	३०,०००।-
३	उ.मा.बि. (कक्षा १ देखि १२ सम्म)	
	क श्रेणी (२० लाख माथि)	१५,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	१२,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	८,०००।-
	घ श्रेणी (५ लाखसम्म)	५,०००।-
४	मा.बि. (कक्षा १ देखि १० सम्म)	
	क श्रेणी (२० लाख माथि)	१३,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	१०,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	७,०००।-
	घ श्रेणी (५ लाखसम्म)	५,०००।-
५	आधारभूत (कक्षा १ देखि ८ सम्म)	
	क श्रेणी (२० लाख माथि)	१२,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	९,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	६,०००।-
	घ श्रेणी (५ लाखसम्म)	५,०००।-

क्र.सं.	विवरण	दर रु.
६	आधारभूत (कक्षा १ देखि ५ सम्म)	
	क श्रेणी (२० लाख माथि)	१०,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	८,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	६,०००।-
	घ श्रेणी (५ लाखसम्म)	५,०००।-
७	आधारभूत (१ कक्षादेखि ३ कक्षा सम्म)	
	क श्रेणी (२० लाख माथि)	६,०००।-
	ख श्रेणी (१० लाखदेखि २० लाखसम्म)	५,०००।-
	ग श्रेणी (५ लाखदेखि १० लाखसम्म)	४,०००।-
	घ श्रेणी (५ लाखसम्म)	३,०००।-
८	शिशु स्याहार केन्द्र/पूर्व प्राथमिक (मन्टेश्वरी)	५,०००।-
९	मेडिकल कलेज	२,००,०००।-
१०	नर्सिङ्ग, एच.ए. कलेज	१,००,०००।-
११	होस्टेल	२,५००।–
१२	तालिम तथा अनुसन्धान केन्द्र	
	क श्रेणी (१० लाख माथि)	५,०००।-
	ख श्रेणी (१० लाखसम्म)	३,०००।-
१३	टाईपिङ, कम्प्युटर, भाषा प्रशिक्षण संस्था	
	क श्रेणी (१० लाख माथि)	२,०००।-
	ख श्रेणी (५ लाख माथि देखि १० लाखसम्म)	१,०००।-
	ग श्रेणी (५ लाखसम्म)	५००।-
१४	ड्राइभिङ ट्रेनिङ सेन्टर	
	(क) गाडी ट्रायल सेन्टर र ड्राइभिङ ट्रेनिङ सेन्टर	५०,०००।-
	(ख) हेभि गाडी ट्रेनिङ सेन्टर	३०,०००।-
	(ग) लाइट गाडी ट्रेनिङ सेन्टर	१५,०००।-
	(घ) मोटर साइकल ट्रेनिङ सेन्टर	५,०००।-

क्र.सं.	विवरण	दर रु.
१५	ब्रिजकोर्स सञ्चालन केन्द्र	१०,०००।-
१६	सीपमूलक तालिम केन्द्र	३,०००।-
